# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०७७/०७८ 
चलानी नं.: ३५९२

मितिः २०७७/१२/२५

श्री सबै सामुदायिक र संस्थागत विद्यालय
बनेपा नगरपालिका ।

विषय : राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा **स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको** तेस्रो संस्करण सञ्चालनार्थ बनेपा नगरपालिकाको आयोजनामा नगरपालिकाका सबै सामुदायिक र संस्थागत माध्यमिक तह सम्मका विद्यालयको विद्यार्थीहरुको सहभागितामा आगामी २०७८ वैशाख ६ गतेदेखि २०७८ वैशाख ८ गतेसम्म प्रत्येक दिन विहान १०.०० बजेदेखि आयोजना गरिने भएकोले चालु शैक्षिक सत्रमा १८ वर्ष भन्दा मुनिका (फाराम भर्ने अन्तिम दिन सम्मको) कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत विद्यार्थीहरुले **IEMIS** कोड सहित तपसिलको मिति र समयसम्म देहाय बमोजिमका खेलहरुमा भाग लिन नियम र निर्देशन अनुसार नाम दर्ता गर्नु हुन अनुरोध गर्दछु ।

(श्याम सिंह धामी)
उप-सचिव
उप सचिव

तपसिल :
नाम दर्ताको अन्तिम मितिः २०७७ बैशाख ३ गते
समयः **दिनको ३:०० बजेसम्म**
खेलहरुः भलिवल, कबड्डी र एथलेटिक्स
यस नगरपालिकाकको **website** बाट फर्म डाउनलोड गरी प्रयोग गर्नुहुन ।
निर्देशिका **www.moys.gov.np** बाट डाउनलोड गर्नु हुन ।
बोधार्थः
श्री सबै वडा समितिको कार्यालयः–सूचना सम्प्रेषण गर्नुहुन ।
श्री सूचना तथा प्रविधि शाखाः–Website र Facebook मा UPload र E-mail गर्नुहुन ।
श्री प्याब्सन र एन प्याब्सन, बनेपा :- सूचना सम्प्रेषण गर्नुहुन ।

सम्पर्कः श्री कुमार बादेः-९८४१४४२०८५
श्री रोजी मुनाकर्मीः-९८५१०१८३२१
श्री रवि लामाः- ९८४०६११४७७
श्री नरेन्द्र प्रधानः-९८०३६६२२६६
श्री सुमन तिमल्सिनाः- ९८४११०२२२९

निर्देशन :

१.) बनेपा नगरपालिकाद्वारा संचालित स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०७७ का लागि बनेपा नगरपालिका क्षेत्रभित्रका सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरुलाई सो प्रतियोगितामा भाग लिने खेलाडीहरुका यस नगरपालिकाकको website बाट फर्म डाउनलोड गरी फाराम भरी मिति २०७८ बैशाख ३ गते दिनको ३:०० बजेभित्र फाराम भरिदिनुहुन ।

२.) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०७७ का लागि बनेपा नगरपालिका क्षेत्रभित्रका सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरुले कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीहरुको नाम पठाउँदा IEMIS कोड अनिवार्य रुपमा उल्लेख भएको, कक्षा १२ सम्म शैक्षिक सत्र २०७७ मा नियमित रुपमा अध्ययनरत विद्यार्थीहरु हुनुपर्ने, विद्यार्थीहरुको विद्यालयको पोशाकमा हालसालै खिचिएको फोटो अनिवार्य रुपमा टाँस गरी प्र.अ.द्वारा हस्ताक्षर र छाप सहित प्रमाणित भएको हुनुपर्ने, प्रतियोगितामा खेल शिक्षक वा प्रतिनिधि पठाउनुपर्ने, विद्यार्थीहरुको परिचय पत्र अनिवार्य हुनुपर्ने, विद्यालयले पत्रसंग संलग्न नियमहरु अनिवार्य रुपमा विद्यार्थीहरुलाई जानकारी गराएको हुनुपर्ने, नक्कली विद्यार्थी संलग्न गराएको पाईएमा सम्वन्धित विद्यार्थी तथा विद्यालयलाई नियमानुसार कारवाही गरिने छ ।

३.) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गर्ने क्रममा देहाय बमोजिमका खेलहरु तपसिल बमोजिमका स्थानहरुमा सञ्चालन गरिने छ ।

| क्र.स. | प्रतियोगिता खेल विवरण | स्थान | समय |
|---|---|---|---|
| १. | भलिवल | लायकु | विहान १०.०० बजेदेखि |
| २. | कबड्डी | लायकु | विहान १०.०० बजेदेखि |
| ३. | एथलेटिक्स | नेपाल बनेपा पोलिटेक्निक ईष्टिच्युट चौर | विहान १०.०० बजेदेखि |

४.) प्रतियोगिताका खेलहरु आगामी २०७८ बैशाख ६ गते देखि ऐ ८ गतेसम्म प्रत्येक दिन बिहान १०:०० बजेदेखि संचालन गर्ने । २०७८ बैशाख ८ गते सम्पूर्ण खेल समाप्त भएपछि सोही दिन समापन समारोहमा पुरस्कार वितरण गरिनेछ ।

बनेपा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बनेपा, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल २०७३

१२।२६

उप सचिव

## राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता को लागी आवश्यक नियम तथा शर्तहरु :

१. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा भलिबल,एथ्लेटिक्स ,कबडी ,कराँते , WTF तेक्वाण्डो र उसु छात्र /छात्रा खेल बिधा संचालन गरिनेछ ।

२ स्थानिय तह राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा भलिबल,एथ्लेटिक्स र कबडी खेल संचालन गरिनेछ साथै कराँते र WTF तेक्वाण्डो र उसु खेल जिल्ला स्तरमा मात्र संचालन हुने छ।

३.प्रतियोगितामा सहभागी खेलाडी /बिद्यार्थीहरुले एक खेल बिधामा मात्र सहभागी हुन पाउने छ।

४.राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको एथ्लेटिक्स खेलमा प्रत्येक बिद्यालयले रिले खेलको हकमा महिला तथा पुरुष रिलेको प्रत्यक इभेण्टमा १/१ समूह मात्र र अन्य प्रत्यक इभेण्टमा बढीमा २ जना खेलाडीहरुलाई सहभागी गराउन सक्नेछ । प्रत्येक खेलाडीले बढीमा एक फिल्ड,दुई ट्रयाक वा दुई फिल्ड एक ट्रयाकमा भाग लिन पाउने छ। साथै आफुले खेल्न चाहेको ईभेण्ट खेलाडी फारममा उल्लेख गर्नु पर्ने छ अन्यथा प्रतियोगितामा सहभागी हुन पाउने छैन ।

५. टिम गेम भन्नाले भलिबल,कबडी र रिले डौडलाई सम्झनु पर्ने छ।

६. प्रत्यक बिद्यालयले टिम गेममा एउटा मात्र टिम सहभागी गराउन पाउने छ।

७. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको एथ्लेटिक्स ,कबडि र भलिबल खेलमा प्रथम र द्धितिय हुने खेलाडी र टिमले मात्र जिल्ला प्रतियोगितामा सहभागि हुन पाउने छ।

८. प्रतियोगितामा खेलाडीले जुन ईभेण्टमा बिजयी भएको हो सोहि ईभेण्टमा मात्र जिल्ला प्रतियोगितामा सहभागिताका लागी सिफारीस गरिने छ। साथै मार्शल आर्ट खेलको हकमा दर्ता भएका सबै खेलाडीलाइ सिफारीस गरिनेछ।

९.भलिबल र कबडि खेलमा बिद्यालयको सहभागि हुने खेलाडीहरुको संख्या अतिरिक्त खेलाडी सहित बढीमा ९ जना हुनु पर्ने छ

१०. राष्ट्रपति रनिङ्ग शिल्ड तथा बिद्यालय खेलकुद प्रतियोगिता सन्चालन निर्देशिका २०७० को परिच्छेद १ को दफा २ को (छ) बमोजिम शैक्षिक सत्रमा १८ बर्ष भन्दा मुनिका कक्षा १२ सम्म नियमित रुपमा अध्यनरत छात्र /छात्रा सहभागि हुन पाउने छ।

११ .प्रतियोगितामा सहभागी हुने बिद्यार्थीहरुले अनिवार्य रुपमा खेलाडी फारम ,उमेर खुलेको कागजात र बिद्यार्थी परिचय पत्र सहित तोकिएको मितिमा दर्ता भएको हुनु पर्ने छ। नागरिक प्राप्त नगरेको बिद्यार्थीको हकमा कक्षा ८ को जिल्ला स्तरिय परिक्षाको प्रमाण पत्रमा उल्लेखित जन्म मितिलाई आधार मानिने छ।

१२ गैर बिद्यार्थी तथा १८ बर्ष भन्दा बढी उमेर समूहका बिद्यार्थीले यो प्रतियोगितामा भाग लिन पाउने छैन ।यदि कसैले भाग लिई प्रतियोगितामा पदक प्राप्त गरेको खण्डमा त्यस्तो पदक खोसिने छ र निकटतम प्रतिस्पर्धी खेलाडीलाई प्रदान गरिने छ। मापदण्ड बाहिरका खेलाडी सहभागी गराउने बिद्यालय र बिद्यालयका प्रधानाध्यापकलाई आयोजक समितिले राष्ट्रपति निर्देशिका २०७० को परिच्छेद ७ को दफा १३ को ४ बमोजिम उचित देखेको अनुशासन सम्बन्धि कारवाही गर्ने वा कारवाहीका लागी सम्बन्धित निकायमा लेखी पठाईने छ।

१३. टिम दर्ता :

१४. प्रतियोगितामा समावेश गरिएका खेलहरु :

क. छात्र/छात्रा भलिबल

ख.छात्र/छात्रा कबड्डी

ग. एथ्लेटिक्स :

१. **दौड(ट्रयाक ) तर्फ :** छात्र/छात्रा १०० मि.,२०० मि., ४०० मि., ८०० मि., १५०० मि.,३००० मि.,४×१०० मि. रिले र ४×४०० मि. रिले।

२. **उफ्ने र फयाक्ने( फिल्ड ) तर्फ :** छात्र/छात्रा हाइजम्प, लङ्गजम्प, त्रिपलजम्प, ज्याभलिङ्ग थ्रो, सटपुट

घ. मार्शल आर्ट तर्फ :

१. कराँते( सितेरियो )

छात्र : u-४२ के.जी., u-४७ के.जी. u- ५२ के.जी. र काता एकल

छात्रा : u-४० के.जी., u-४५ के.जी. u- ५० के.जी. र काता एकल

२. wtf तेक्वाण्दो

छात्र : u-४५ के.जी., u-४८ के.जी. u- ५१ के.जी.

छात्रा : u-४२ के.जी., u-४४ के.जी. u- ४६ के

३. उसु छात्र/छात्रा : Chang Quan., Nan. Quan,And Tai ji Quan

बनेपा नगरपालिका नगर कार्यपालिकाको कार्यालय